# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०८०/८१
च.नं.

**स्थानीय राहत अनुदान शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८०**

**(प्रथम पटक प्रकाशित सूचना २०८०/१०/०७)**

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०९/२३ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगतका आधारभूत (कक्षा ६-८) तथा माध्यमिक (कक्षा ९-१०) तहका विद्यालयहरुमा तपसिल बमोजिमको तह, विषय र संख्यामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि पहिलो पटक यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| आधारभूत तह (६-८) | | |
|---|---|---|
| विज्ञापन नं. | १०६/०८०/८१ | कैफियत |
| विद्यालयहरु ⮟ विषयहरु ➤ | गणित | |
| श्री राष्ट्रिय मावि ठिङ | १ | |
| जम्मा | १ | |

| | माध्यमिक तह (९-१०) | | |
|---|---|---|---|
| विज्ञापन नं. | २०५(क) /०८०/८१ | २०१(क)/०८०/८१ | कैफियत |
| विद्यालय हरु ⮟ विषयहरु ➤ | सामाजिक | नेपाली | |
| श्री मालिकार्जुन मावि मड | १ | - | |
| श्री हुनैनाथ मावि चन्दनपुर | | १ | |
| जम्मा | १ | १ | |

१. परीक्षाको किसिमः लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तर्वार्ता

२. परीक्षा सञ्चालन : i) आधारभूत (कक्षा ६-८) तह र माध्यमिक (कक्षा ९-१०) तहका लागि लिखित (सामान्या) परीक्षा सञ्चालनहुने मिति र समय क्रमशः मिति २०८०/१०/२२ गते बिहान ११:०० बजे र दिउँसो १:०० बजे

ii) लिखित (विषयगत) परीक्षाको मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

iii) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित(विषयगत) परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।

३. परीक्षा केन्द्र: शंकरपुर मावि पस्तीमा हुनेछ।

४. दरखास्त दस्तुर: आधारभूत तह ६-८ को लागि रु ७००(सात सय मात्र) माध्यमिक तह ९-१० को लागि १०००(एक हजार मात्र)।

५. पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ।

६. दरखास्त दिने अन्तिम मिति :२०८०/१०/२१ गते कार्यालय समयभित्र।

७. उमेद्वारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

८.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

घ. नेपाली नागरिक

ङ. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको।

च. आधारभूत तह (कक्षा ६-८) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको र माध्यमिक (कक्षा ९-१०) तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको। तर गणित र विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको उम्मेदवार हुन सक्नेछन्।

९. पेश गर्नु पर्ने कागजातहरु

ज. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

झ. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

ञ. अध्यापन अनुमति पत्रको प्रतिलिपि

ट. तालिमको प्रमाणपत्रको प्रतिलिपि

ठ. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र)

ड. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लेखित भएबमोजिम हुनेछ। ...धिकृत

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०८०/८१
च.नं.

११. विज्ञापन सम्बन्धी विशेष व्यवस्था:

शिक्षक सेवा आयोगको करार सूचीमा रहेको तथा यस गाउँपालिकाको विज्ञापन नं. २०१/०८०/८१ र २०५/०८०/०८१ अनुसार स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्तिका लागि लिएको छनौट परीक्षामा वैकल्पिक /करार सूचीमा रहेका उम्मेद्वारहरुको दरखास्त पर्न आएमा अन्य दरखास्त स्वत: खारेज हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Facebook: facebook.com/mrmdarchula
Email:-mrmdarchula@gmail.com/
Contact:९८५८७८४५१२, ९८५८७८४५१३